"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3, Nepal

फोनः ०१-५२०३५९२
Phone: 01-5203592

मितिः २०७६/०२/१३

पत्र संख्याः ०७५/०७६
चलानी नः ६८३६

**विषयः विश्व वातावरण दिवस मनाउने सम्बन्धमा।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
महालक्ष्मी नगरपालिका, ललितपुर।

प्रस्तुत विषयमा यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७६/०२/१२ गतेको निर्णयानुसार मिति २०७६/०२/२२ (June 5, 2019) गते विश्व वातावरण दिवस २०७६ **"स्वच्छ वायु, स्वस्थ जीवन"** "WE CAN'T STOP BREATHING, BUT WE CAN DO SOMETHING ABOUT THE QUALITY OF OUR AIR" भन्ने नाराका साथ तपशीलमा उल्लेखित कार्यहरु सञ्चालन गरी भव्यताका साथ मनाउनुहुन निर्देशनानुसार अनुरोध छ। साथै विश्व वातावरण दिवसको अवसरमा आफ्नो विद्यालयले गर्ने कार्यहरुको विवरण संलग्न गरी मिति २०७६/०२/१८ गते सम्ममा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्ययोजना पेश गर्नहुन समेत अनुरोध छ।

**विद्यालयले विश्व वातावरण दिवसको अवसरमा गर्नुपर्ने न्यूनतम् कार्यहरुको विवरणः**

१. प्रत्येक विद्यालयले कम्तिमा ५/६ फिटको १ वटा रुख रोप्नुपर्ने।
२. विद्यालय परिसर, शौचालय, टोल, छरछिमेक, सामुदायिक संस्था, मन्दिर, खानेपानी तथा ढल आदिको सरसफाई कार्यक्रम आयोजना गरी नगरपालिका समेतलाई आमन्त्रण गर्ने।
३. विद्यार्थीहरुलाई वातावरण संरक्षण सम्बन्धी सचेतना जगाउन निवन्ध लेखन प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता आदि सञ्चालन गर्न लगाउने।
४. विद्यालयमा Eco-Club गठन गर्न लगाउने।
५. हरेक विद्यार्थीलाई घरमा कम्तिमा १ वटा रुख रोप्न लगाउने।
६. विद्यालयले जैविक र अजैविक र पुनः प्रयोग गर्न सकिने फोहोरलाई बेग्लाबेग्लै डस्टवीनको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन गर्ने।

२०७६/०२/१३

सुनिता योङहाङ
शाखा अधिकृत